# सामुदायिक क्याम्पस गुणस्तर सुद्दढिकरण सबलीकरण अनुदान

# मापदण्ड, २०७७

| क्र.स | खण्ड | विस्तृतिकरण |
|---|---|---|
| ०१ | परिचय | प्रदेश सरकारको नीति तथा कार्यक्रमले सामुदायिक क्याम्पसहरुको विकास एवम् सुद्दढीकरणका लागि प्रोत्सहन गर्ने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र नतिजामूलक बनाउन सामजिक विकास मन्त्रालयबाट यो मापदण्ड जारी गरिएको हो । |
| ०२ | उदेश्य | क. सामुदायिक क्याम्पसलाई ICT / विज्ञान प्रयोगशाला निर्माण अनुदान दिने आधार निर्धारण गर्नु,<br>ख. अनुदानको लागि आवश्यक पर्ने प्रकृया निर्धारण गर्नु,<br>ग. अनुदानको वितरण कार्यलाई पारदर्शी, जाबफदेही र नतिजामुलक बनाउनु। |
| ०३ | न्यूनतम शर्तहरु | • नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सामुदायिक क्याम्पसको रुपमा सम्बन्धन प्राप्त गरी स्नातक वा सो भन्दा माथिका कार्यक्रमहरु सञ्चालन गरेका सामुदायिक क्याम्पस हुनु पर्ने ।<br>• कूल विद्यार्थी सङ्ख्या ५० वा सो भन्दा माथि भएको क्याम्पस हुनु पर्ने। तर विज्ञान विषय सञ्चालन गरेको क्याम्पसहरुको हकमा यो लागू नहुने । |
| ०४ | अनुदानको गर्न सकिने कार्यक्रम | क. ICT ल्याबको व्यवस्थापन र शिक्षणमा प्रयोग<br>ख. E- Library शिक्षण सामग्री<br>ग. विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशाला । |
| ०५ | क्याम्पस छनोटको आधारहरु | क. विज्ञान विषय सञ्चालन भएका तथा कम्प्युटर विषय अध्यापन गराउने क्याम्पसहरुलाई पहिलो प्राथमिकता दिइने।<br>ख. १३ जिल्लामा प्रति जिल्लामा १ वटाको दरले कोटा वितरण गर्ने। तर सामजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयवाट यस अघि ICT कार्यक्रम वितरण गरिएको भए त्यस्ता क्याम्पसहरुलाई अनुदान निकासा नदिने । |



प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय

| | | |
|---|---|---|
| | | ग. जिल्लागत कुराको हकमा निम्नानुसारको मुल्याङ्कन गरी छनौट गर्ने।<br>**१. कार्यक्रम - १५ पुर्णाङ्क**<br>क. दुई वा दुई भन्दा बढी कार्यक्रम संचालन गरेको क्याम्पस भए - १५ अङ्क<br>**२. विद्यार्थि सङ्ख्या - १० पुर्णाङ्क**<br>ख. १०० वा सो भन्दा माथि विद्यार्थी संख्या भएको क्याम्पस भए - १० अङ्क<br>ग. ५० देखि ९९ सम्मा विद्यार्थी संख्या भएको क्याम्पस भए - ५अङ्क<br>**३. छात्रा भर्नादर - १० पुर्णाङ्क**<br>क. कुल विद्यार्थी संख्याको ५०% प्रतिशत वा सो भन्दा बढी छात्राहरु अध्ययनरत भए - १० अङ्क<br>ख. छात्रा संख्या कुल विद्यार्थी संख्याको ५०% प्रतिशत भन्दा कम भएमा - ५ अङ्क |
| | | **४. भौगोलिक क्षेत्र- १५ पुर्णाङ्क**<br>क. गाउँपालिका भित्रको क्याम्पस भए - १५ अङ्क<br>ख. नगरपालिका भित्रको क्याम्पस भए - १० अङ्क<br>ग. उपमहानगरपालिका / महानगरपालिका भित्रको क्याम्पस भए - ५ अङ्क |
| ०६ | प्रस्ताव आह्वानको सूचना | क. सामुदायिक क्याम्पस गुणस्तर सुदृढीकरण सबलिकरण अनुदान लागि प्रस्ताब पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने।<br>ख. प्रस्ताब आह्वान सँगै प्रस्तावको मुल्याङ्कनको आधार र शर्तहरु शिक्षा विकास निर्देशनालयको वेवसाइडमा समेत प्रकाशित गर्ने।<br>ग. अनुदान प्रत्येक क्याम्पसले सामान खरिद गर्न नं. ८ मा उल्लेख भएको स्पेसिफिकेशनको आधारमा प्रतिसप्रार्धा गराउनु पर्ने छ। |
| ०७ | सुचि प्रकाशन | बुदा नं ५ को आधारमा छनोट भएका सामुदायिक क्याम्पसहरुको नामावली निर्देशनालयको वेवसाइडमा प्रकाशित गरिने छ। वेवसाइडमा प्रकाशित भएको तीन दिन पछि सम्बन्धित क्याम्पसलाई सम्झौताको लागि पत्राचर गरिनेछ। |
| ०८ | कार्य प्रारम्भ | क. शिक्षा विकास निर्देशनालयले क्याम्पसले गर्ने कार्य (ITC , Science lab, को प्राविधिक स्पेसिफिकेशन तयार गरी दिने छ ।) |



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

| | | |
|---|---|---|
| | | छनौटमा परेका क्याम्पसले निर्देशनालयले तोकिएको म्याद भित्र यस निर्देशनालयमा सम्झौता गरी सक्नुपर्ने छ। तोकिएको म्याद भित्र सम्झौता गर्न नआए त्यस्तो क्याम्पसलाई कार्यक्रम दिन निर्देशनालय बाध्य हुनेछैन। |

## सामुदायिक क्याम्पस गुणस्तर सुदृढीकरण सबलीकरण अनुदान सम्बन्धी प्रस्तावको ढाँचा

## परिच्छेद १ परिचय खण्ड

### १.१ परिचय

क. क्याम्पसको नामः

ख. ठेगाना, मो नं. , इमेलः

ग. क्याम्पस प्रमुखको नामः

घ. परियोजनाको नामः (मापदण्डको बुदा नं. ४ मा उल्लेखित कार्यक्रमको मध्ये कुनै एक उल्लेख गर्ने)

ङ. परियोजनको लागतः

च. परियोजनको खर्चको स्रोतः

छ. परियोजन शुरू हुने मितिः

ज. परियोजना सम्पन्न मितिः

### १.२ क्याम्पस परिचय

क. क्याम्पसः क्याम्पसको स्थापना काल देखि हाल सम्मको अवस्था

ख. शौक्षिक उपलब्धिको अवस्था

ग. बस्तिको सामाजिक नक्शा

घ. उदेश्य

ङ. क्याम्पसको वर्तमान अवस्था

- जनशक्ति
- विद्यार्थी संख्या ( छात्र र छात्रा खुलाउनु पर्ने )
- शौक्षिक उपलब्धिक



२०७६/०३/२६

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय

- ❖ भौतिक अवस्था (भवन र कोठा संख्या खुल्ने गरी )
- ❖ विधुत जडान वा इलेक्ट्रिसिटिको अन्य व्यवस्था

## परिच्छेद - दुई

## परियोजना संचालन प्रकृया

### २.१ कार्य प्रकृया

क. खरिद तथा निर्माणको प्रकृया

ख. सार्वजनिक खरिद ऐन नियम अनुसारको प्रकृया अनुसार के कसरी गरिने हो उल्लेख गरिनु पर्ने ।

ग. क्याम्पस संचालक समितिको निर्णय आदि

### २.२ कार्यक्रमको प्रस्ताव:

- कार्यक्रमको औचित्य

२.३ खर्च प्रणाली

२.४ गुणस्तर नियन्त्रण ( स्थानीय तहको प्राविधिकबाट हुनुपर्ने सोको सुनिश्चिततताको पत्र)

२.५ कार्यसम्पन्न प्रतिवेदन (विशेषज्ञ र सम्बन्धित वडा )

२.६ सामाजिक परीक्षाको व्यवस्था

२.७ सम्झौता अनुसारको निकाशा र भुक्तानी प्रकृया

## परिच्छेद - ३

## शिक्षण सिकाइमा प्रयोग

१. प्रयोग रणनीति



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

२. प्रत्यक्ष लाभान्वित विद्यार्थी संख्याः

३. अप्रत्यक्ष लाभान्वित विद्यार्थी संख्याः

४. प्रस्तावमा समाबोस हुनुपर्ने कागजातहरुः

## परिच्छेद - ४

१. प्रस्तावित कार्यक्रमको स्पेसिफिकेशन तथा लागत इष्टिमेट

२. सोच तालिका

- कुन विषयको लागि प्रस्ताव पेश गर्ने सोहि विषयका लागि विषयगत शिक्षकको सिफारिसमा स्पेसिफिकेशन तयार गरी राख्ने
- सम्बन्धित प्रविधिक तथा विज्ञबाट लागत इष्टिमेट तयार गर्न लगाई राख्ने



२०७६।०५।२८
रमेश घिमिरे
अधिकृतस्तर आठौं

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
नेपाल